# महाकुलुङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम
# आ.व.२०७६/०७७

**महाकुलुङ गाउँपालिकाको उपाध्यक्ष श्री विपना कुलुङद्धारा प्रस्तुत**

**मिति : २०७६ साल अषाढ १० गते**

बुङ, सोलुखुम्बु

१ नं. प्रदेश

२०७६

# माहाकुलुङ गाउपालिकाको वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सदस्यहरु, कर्मचारीहरु, पत्रकार तथा सुरक्षकर्मी मित्रहरु ।**

आज मिति २०७६ साल असाढ १० गतेका दिन यस माहाकुलुङ गाउँपालिकाको आ.व. २०७६/७७ को दोस्रो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी महशुस गरेको छु । यस अवसरमा देश र जनताको लागि बलिदान दिनुहुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक शृद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालमा संवैधानिक व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको संघीय संरचनाको सुरुवात भएको छ । यी ३ वटै तहको एकल तथा साझा अधिकारहरु रहेका छन् । यसैको उपलब्धि अनुरुप गाउँपालिकाले आफ्नै वार्षिक नीति तथा कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था हाम्रो लागि गौरब र अवसरको विषय बनेको छ ।

प्रस्तुत माहाकुलुङ गाउँपालिकाको तेश्रो स्रो वार्षिक नीति तथा कार्यक्रमले गाउँसभाका सबै सदस्य, कर्मचारी र सम्बद्ध सरोकारवाला सबैलाई सम्बृद्ध माहाकुलुङ गाउँपालिका निर्माणको अभियान प्रति जिम्मेवार बनाँउनेछ भन्ने मैले आशा लिएको छु ।

## मान्य सदस्य ज्युहरु,

बिश्वको शिखर सगरमाथा अवश्थित जिल्ला सोलुखुम्बुको उत्तरपूर्वी क्षेत्रमा रहेको महाकुलुङ गाउँपालिकाको उत्तरमा खुम्बु पासाङल्हामु गाउँपालिका, दक्षिणमा भोजपुर तथा खोटाङ, पूर्वमा संखवासभा, पश्चिममा सोताङ गाउँपालिका र माप्य दुधकोशी गाउँपालिका रहेको छ । उच्च तथा मध्य पहाडी क्षेत्र बिच सन्तुलित यस गाउँपालिकामा खोला तथा खोल्साहरु क्रमश उत्तरबाट दक्षिण तर्फ विभिन्न जलाधार मार्फत दुधकोमा मिसिन्छ । यहाँ पाईने वनस्पति तथा जैविक विविधतामा यँहाका अमूल्य सम्पत्ति हुन् ।

साविकको ३ वटा गा.वि.स. बाट रुपान्तरण भई स्थापना भएको यो गाउँपालिकामा कुलुङको जातीको बाहुल्यता भएता पनि शेर्पा, क्षेत्री, ब्रामण तथा दलित समुदायहरुको बसोबास रहेको छ । ऐतिहासिक तथा पर्यटकिय महत्वका रुपमा साल्पापोखरी, बुर पोखरी, थाकोपईस्को झरणा, मेरा पिक, केन्पा डाडाँ, जुकतुस्को डाडा, मेरापिक, प्रसिद्ध धार्मिक पोखरी पाँच पोखरी, गुम्बाहरु, मठमन्दिर आदि रहेको छन् । मानब निर्मित **महाकुलुङ ताल** यँहाको अर्को सम्भावित पर्यटकीय ठाँउ हो । यस क्षेत्रमा नगदे बाली तथा जडिबुटी चिया, अलैची, चिराईतो, सतुवा साथै धुपी, सल्ला, गुराँस, चिमाल उतिस आदिका जंगलहरु पनि पाईन्छ । त्यसै गरी यस माहाकुलुङ क्षेत्रमा हजारौको संख्यामा वन्यजन्तु पशुपंक्षी, किराफट्यांग्रा आदि पाईन्छ । खेतीपाती, व्यापार व्यवसाय, पशुपालन, ट्रेकिङ व्यवसाय यस क्षेत्रका

वासिन्दाका मूख्य आय आर्जनको स्रोत हुन् । यस क्षेत्रको भू-बनोट, जलाधार, जलाशय, अनुपम हिमाल, विगत केही वर्ष देखि फस्टाउदै गएको नगेदे बाली तथा जडिबुटि व्यवसाय आदि जस्ता सकरात्मक पक्ष समग्र माहाकुलुङको संबृद्धिका आधारहरु हुन् ।

**अब म यस माहाकुलुङ गाउँपालिकाको आ.व २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

# कृषि तथा पशुपन्छी :

- गाउँपालिकामा आ.ब. ०७५।७६ देखि सन्चालित सुविधा सम्पन्न **कृषि, पशुपन्छी अध्ययन तथा स्रोत केन्द्र** सन्चालनलाई निरन्तरता दिइनेछ । यसको लागि इकोहिमाल नेपालसंग प्राबिधिक साझेदारी गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गतको अलैची ब्लक र गाउँपालिका द्धारा सन्चालित कृषि पकेट कार्यक्रमहरुलाई स्तरोन्नती सहित निरन्तरता दिइनेछ ।
- मौसमी तथा बेमौसममी तरकारी खेतीलाई विस्तार तथा प्रोत्साहन गर्ने नीति अख्तियार गरिनेछ । तरकारी तथा नगदे बाली उत्पादन प्रदर्शन र प्याकेज प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा साना सिचांई तथा कुलो निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- सामुहिक कृषि उपज उत्पादन तथा प्रदर्शनलाई बढवा दिईनेछ ।
- गाउँपालिका तरकारी तथा फलफुलमा आत्मनिर्भर बनाउँनको सामुहिक तरकारी तथा फलफुल खेति (आलु, टमाटर, प्याज, च्याउँ) सन्चालन गरिनेछ ।
- सहकारी कृषि खेति प्रणालीलाई प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिका स्तरीय कृषि बजार तथा बिक्री बितरण केन्द्रको स्थापनाको लागि पहल गरिनेछ ।
- कृषक समूहसँग साझेदारीमा सामुहिक कृषि खेति सन्चालन गरिनेछ । जसको लागि गैर सरकारी संस्था र सहकारीहरु सँग साझेदारी गरिनेछ ।
- माटो परीक्षण बाली उपचार शिविर गरी आवश्यकता अनुसार कृषि चुनको वितरण गरिनेछ ।
- कृषकलाई सिजन अनुसारको उन्नत बिउ किट वितरण गरिनेछ ।
- कृषि उत्पादन वृद्धि तथा आधुनिकीकरणको लागि प्रत्येक वडामा कृषि उत्पादन र यान्त्रिकरण सामग्रीहरु वितरण गरिनेछ ।
- बेमौसमी तरकारी खेती तथा उच्च क्षेत्रमा पनि तरकारी उत्पादन गर्नका लागि अनुदानमा प्लाष्टिक टनेलको वितरण गरिनेछ ।

- गाउँपालिका मासुमा आत्मानिर्भर गराउँने उद्धेश्यले यूवालक्षित पाडापालन कार्यक्रम, लोकल केखुरापालन कार्यक्रम, सामूहिक ब्रोइलर पालन कार्यक्रम सन्चालन गरिनेछ ।
- गाउँपालिकामा भुस्याहा कुकुर व्यवस्थापन कार्यक्रम सन्चालन गरिनेछ ।
- सुधारिएको मासुपसल तथा पशु बधशाला निर्माण गरिनेछ ।
- पशु बधशाला तथा मासु जाँच ऐन निर्माण तथा प्रमाणिकरण गरी लागू गरिनेछ ।
- पशु आहारा विकास कार्यक्रम (जै, टिओसेन्टी, क्लोभर, सेटारिया, नेपियर जातको घाँस वितरण) सञ्चालन गरिनेछ ।
- गाउँपालिकालाई दूधमा आत्मानिर्मर कार्यक्रम उद्धेश्यका साथ ट्रान्सहुमेन भैसीपालन व्यवस्थापन कार्यक्रम र व्यवसायिक कृषकसँगको साझेदारीमा जर्सी क्रस गाईपालन कार्यक्रम सन्चालित गरिनेछ ।
- पशु रोग अन्बेषण तथा नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- टोल टोलमा प्राविधिक, विषेशज्ञ सेवा कार्यक्रम लागू गरिनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामूहिक पशु फार्म सञ्चालनलाई गाँउपालिकामा दर्ता गर्न प्रोत्साहन गरिनेछ र त्यस्तो पशु फार्मलाई गाउँपालिकाबाट अनुदान दिने व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा कृत्रिम गर्भधान सेवाको बिस्तार गरिनेछ ।
- कृषि तथा पशुपन्छी सेवा प्रबाहको निमित्त आवश्यक जनसक्तिको व्यवस्थापन गरिनेछ ।
- प्राङ्गरिक गाउँपालिका बनाउँनको लागि गैरसरकारी सँस्थाहरुसँग साझेदारीमा बिशेष कार्यक्रम गरिनेछ ।

# स्वास्थ्य:

- गाउँपालिकाको केन्द्र रहेको स्वाथ्य चौकी बुङ सोलुखुम्बुलाई नेपाल सरकारले अस्पताल निर्माण तथा संचालन गर्न स्वीकृत भई सकेको हुदाँ उक्त सुविधा सम्पन्न विशेषज्ञ सेवा सहितको १५ शैयाको अस्पताल संचालन गरीनेछ साथै अस्पताल,स्वास्थ्य संस्था तथा नयाँ तथा संचालनमा रहेका सामुदायिक स्वास्थ्य इकाईहरुमा आबश्यक जनशक्तिको ब्यबस्थापन गरी कार्यक्रम संचालन गरीने छ ।
- हाल संचालनमा रहेका सामुदायिक स्वास्थ्य इकाईहरु पेल्माङ,तुमाऊ तथा खिरौलेलाई नबिकरण गरी निरन्तररुपमा संचालन गरीने छ ।
- सञ्चालित बर्थिङ सेन्टरहरुलाई निरन्तरता साथै स्वास्थ्य संस्थामा सुत्केरी भएबापत दिइने प्रोत्साहन भत्ता तथा स्वास्थ्य सस्थामा हुने सुत्केरीहरुलाई घर दैलो कार्यक्रम गरी सुत्केरीहरुलाई

घरमा गई सुत्केरी पश्चात हुने ३ पटकको सुत्केरी जाँच गराउने जसका लागी स्वास्थ्य कर्मीहरुलाई परिचालन रकमको ब्यबस्था गरीएको छ ।

- सुनौला हजार दिनका आमा तथा गर्भवती महिलाहरुलाई ग्रुप एस.एम.एस.को माध्यमबाट जानकारी गराइ सेवा बिस्तार गर्ने ब्यबस्था मिलाइने छ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- फोहोरमैला व्यवस्थापनको लागि स्वास्थ्य सस्थाहरुमा फोहोर मैला कन्टेनरको व्यवस्था गरिनेछ
- पूर्णखोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पूर्ण पोषण युक्त वडा कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्वस्थ्य बच्चा मेरो बच्चा ,हुन्छ सधैभरी हराभरा भन्ने नाराका साथ अभियान संचालन गरी महिला स्वास्थ्य स्वयंम सेबिकाहरु
- माफर्त २ बर्ष मुनिका बच्चाहरुको पोषण स्थीतीको लेखाजोखा गरी स्वास्थ्यमा सुधार ल्याईने छ ।
- पाठेघर खस्ने रोगीहरुको लागी स्कनिङ क्याम्प (VIA) सञ्चालन गरिनेछ।
- विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझ प्रभाबकारी रुपमा अगाडि बढाइनेछ।
- परिवार नियोजन सेवा अन्तर्गत लामो जन्मान्तरका साधनहरुलाई सशक्त बनाइनेछ।
- महिला स्वास्थ्य स्वयमं सेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता साथैमहिला स्वास्थ्य स्वयमं सेविकाहरुको स्वास्थ्य बिमा गराईने छ।
- किशोर किशोरी कार्यक्रम स्वास्थ्य व्यवस्थापनको लागि विद्यलयहरुमा स्यानेटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- नियमित रुपमा खानेपानी गुणस्तर जाँच गर्ने तथा जनचेतना मुलक कार्यक्रम गर्ने व्यवस्था मिलाईनेछ।
- माहामारी तथा प्रकोप जन्य रोगहरुको नियन्त्रणका लागि Act Immediate को अवधारणा लागू गरिनेछ।
- निशुल्क वितरण गरिने औषधि कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- राष्ट्रिय दिवसका कार्यक्रमहरु जस्तै स्तनपान सप्ताह, आयोडिन महिना, विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह लाई भव्य र प्रभाबकारी रुपमा मनाइनेछ।
- आँखा सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।
- वडा १ को कोठे तथा मर्मिकु (महाकुलुङ गा.पा.३)मा सामुदायिक स्वास्थ्य इकाई संचालन गरिनेछ।
- गाँउपालिका स्तरमा माइक्रोस्कोपिक क्याप सहितकोविशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- महाकुलुङ गाउँ पालिका वडा नं. २ पेल्माङ र ४ तुमाऊ मा स्वास्थ्य चौकी भवन तथा संचालन गरीने छ।

- खोप क्लिनिक संचालनका लागी खिरौले सामुदायिक स्वास्थ्य इकाईमा भवन निर्माण गरीने छ ।
- नसर्ने रोगको बारेमा जनचेतना तथा योग अम्यास कार्यक्रम संचालन गरीने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रबाह गर्नका लागी सबै स्वास्थ्य सस्थाहरुमा कम्यूटर जडान गरीने छ
- बिद्यालय नर्स कार्यक्रम संचालन ।
- स्वास्थ्यमा हाम्रो  लगानी ,सम्म्रद्ध महाकुलु हाम्रो जिम्मेवारी  भन्ने नाराका साथ तृबर्षिय अभियान संचालन गरीने ।
- स्वास्थ्य कर्मीहरुलाई क्षमता अभिबृद्धि तालिम संचालन गरीने छ ।
- बिश्व क्षयरोग दिबस मनाईने छ ।
- निःशुल्क न्यानो झोला बितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गर्भवती महिलाहरुका लागी निःशुल्क क्याल्सियम टेब्लेट तथा साबुन बितरण गरीने छ ।
- किशोरीहरुलाई निःशुल्क आइरन टेब्लेट बितरण गरीने छ ।
- स्वास्थ्यका कार्यक्रमहरुको डि.एच.आई.एस २ को माध्यमबाट डाटा प्रबिष्टी गरीने छ साथै मासिक तथा चौमासिक गोष्ठी संचालन गरीने छ ।
- स्वास्थ्य संस्थामा आबश्यक पर्ने औजार उपकरणहरुको ब्यबस्थापन गरीने छ ।
- नेपाल सरकारबाट नागरीकहरुका लागी निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई सबै स्वास्थ्य संस्थाहरुलाई लागु गरीने छ,साथै सेवाग्राहीबाट लिइने शुल्क बापतको रकम अनुदानमा प्रति ब्यक्ति रु ५ का दरले दिईने छ ।
- जेष्ठ नागरीक,फरक क्षेमता लक्षित कार्यक्रम संचालन गरी ७५ बर्षका तथा अपाङगता भएका ब्यक्तिहरुका लागी घरदैलो कार्यक्रम मार्फत रक्तचाप,सुगर,दमका लागी मासिक रुपमा हेरचाह तथा निःशुल्क औषधि बितरण तथा स्वास्थ्य कर्मी परीचालन गरी सेवा प्रवाह गरीने छ जसका लागी स्वास्थ्य कर्मीहरुलाई परीचालन खर्च उपलब्ध गराईने छ ।
- सरकारी तथा गैर सरकारी संघ सस्थाहरु संग समन्वय गरी स्वास्थ्यका कार्यक्रमहरु संचालन गर्ने ब्यबस्था मिलाईने छ ।
- नेपाल सरकारले स्वास्थ्यमा तोकिएका निति तथा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सुरक्षित मातृत्व कार्यक्रम तथा ट्राफिक रोड एक्सिडेन्ट तथा स्वास्थ्य सेवाहरुलाई उच्च प्राथमिकतामा राख्दै हाम्रो महाकुलुङ,समृद्ध महाकुलुङलाई सबल बनाउन र महाकुलुङ भरीका जनतालाई बिरामी भई उपचार गर्न अस्पताल आउनका लागी एम्बुलेन्स सेवा संचालन गर्नका लागी प्रकिया अगाडी बढाइने छ ।

# शिक्षा:

- शैक्षिक शत्र २०७६ लाई बिद्यालय सुधार वर्षको रुपमा घोषणा गरि विबिध कार्यक्रम सन्चालन गरिनेछ ।
- विद्यालयको भौतिक संरचनालाई भुकम्प प्रतिरोधि, अपांगमैत्रि र बालमैत्री बनाइनेछ ।
- गाउँपालिकामा एउँटा प्राबिधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ ।
- प्राथमिक तह देखिनै कम्प्युटर तथा सूचना प्रविधि शिक्षामा जोड दिइनेछ । यसको लागि ३ वटा मा. बि. र गाउँपालिकाको कार्यलयसंग सिधा सम्पर्क हुनेगरी सि. सि. टि. भि. क्यामरा जडान गरिने व्यवस्था गरिनेछ ।
- विद्यालयको शैक्षिक परीक्षाहरुलाई व्यवस्थित बनाईनेछ । आधारभूत तह कक्षा ५, ८ को अन्तिम तथा वार्षिक परीक्षालाई व्यवस्थित र प्रभाबकारी बनाँउन गाउँपालिकाले आवश्यक नीति अबलम्बन गर्नेछ ।
- गाउँपालिका भित्रका मा.बि. का प्रधानाध्यापकरुलाई सम्बन्धित बिद्यालय सेक्टरहरुको शिक्षा शाखा समन्वयकको रुपमा जिम्मेवारी तोकिनेछ ।
- रीड नेपाल र हिमालयन ट्रष्टसँग साझेदारीमा शैक्षिक सूधार कार्यक्रम सन्चालन गरिनेछ ।
- विद्यार्थी संख्या र शिक्षक अनुपातको आधारमा शिक्षक सरुवा तथा विद्यालयहरु मर्ज तथा कक्षा तथा विषय थप अनुमति दिइनेछ । कक्षा ११ र १२ सञ्चालनको लागि गाउँपालिकाले विषेश खालको योजना ल्याउनेछ । यसको लागि आवश्यक कार्यविधिको अबलम्बन गरिनेछ ।
- गाँउपालिकामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र विद्यालयलाई विशेष कार्यक्रमको माझ सम्मान तथा पुरस्कृत गरिनेछ ।
- गाउँपालिकामा बिशेषज्ञ तथा दक्ष प्राबिधिक उत्पादन गर्ने हेतुले गाउँपालिकाले निर्माण गरेका कार्यबिधिको अधिनमा रहि छात्रबृत्ति कोषको स्थापना गरि सन्चालनमा ल्याईनेछ ।
- विद्यालय शान्ति क्षेत्र भन्ने सरकारको अवधारणालाई यस गाउँपालिका क्षेत्रमा समेत कडाईका साथ कार्यान्वयन गरिनेछ । विभिन्न बहानामा विद्यार्थी, शिक्षक, राजनीतिक दलहरु बाट हुने शैक्षिक हडतालको अन्त्य गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम लागु गरिनेछ ।
- शैक्षिक समानता,गुणस्तरीय शिक्षमा एकता,माहाकुलुङ गाउँपालिकाको प्रतिबद्धता भन्ने नारालाई कार्यान्वयन गर्न कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ ।
- ७५ प्रतिशत विद्यार्थीलाई पास नगर्ने शिक्षकहरुलाई सरुवा, घटुवा, तलब भत्ता रोक्का गर्ने, ७५ प्रतिशत भन्दा बढी विद्यार्थीहरुलाई पास गराउने शिक्षकहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ । साथै शैक्षिक ऐन, नियम अनुसार बढुवाको व्यवस्था गरिनेछ ।

- महाकुलुङ गाउँपालिका स्तरीय आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षामा उत्कृष्ट (सरदर) नतिजा ल्याउँन सफल भएकोमा श्री बासुकी आधारभूत बिद्यालय तुमाउँलाई आवश्यक सम्मान तथा पुरस्कृत गरिनेछ ।
- शैक्षिक संस्थाभित्र मादक पदार्थ, धुम्रपान, नसालु पदार्थ प्रयोग भएको पाईएमा जरिवाना सहित कारबाही गरिनेछ भने जंगफूट लाई निरुत्साहित गरिनेछ । राजनीतिमा संलग्न भई आफनो जिम्मेवारी पुरा नगर्ने शिक्षकलाई आवश्यक कारबाही गरिनेछ भने आस्थाका हिसाबले कुनैपनि शिक्षक कर्मचारीलाई विभेद गरिने छैन ।
- देशका उत्कृष्ट सामूदायिक बिद्यालयको शिक्षण पद्धती अवलम्बनको लागि प्रधानाध्यपकहरुलाई अवलोकन भ्रमण गराइनेछ ।
- नैतिक शिक्षालाई प्रबर्द्धन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न पम्लेट, पर्चा तथा पोस्टर सामग्रीहरु उत्पादन तथा वितरण गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्चालन गरिनेछ ।
- पाठ्क्रम अनुसारको मातृभाषा शिक्षणलाई प्रत्येक बिद्यालयमा उच्च प्राथमिक्ताका साथ लागु गरिनेछ ।

# द्वन्द्व व्यवस्थापनः

- विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्वलाई सामाजिक मेलमिलाप तथा न्यायिक समितिबाट निरुपन गरिनेछ ।
- गाउँपालिका स्तरीय द्वन्द्व व्यवस्थापन तालिम तथा गोष्ठी सन्चालन गरिनेछ ।
- सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित गरिनेछ । साथै सामाजिक अभियानकर्ताहरुलाई उत्साहित तथा पुरिस्कृत गरिनेछ ।
- घरेलु हिंसा र घरपरिवार द्वन्द्व न्यूनिकरणको निमित्त जनचेतानमूलक कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- राजनितिक आश्थाका आधारमा हुने द्वन्द्व न्यूनिकरणमा बिशेष कार्यक्रम सन्चालन गर्ने ।
- यूवाहरु बीच हुने सामुहिक द्वन्द्व र लागुऔषध प्रयोग न्युनिकरणको निमित्त जनचेतनामूलक कार्यक्रम सन्चालन गर्नुका साथै यूवाहरुलाई व्यवासायमा संलग्न गराउँने निति अवलम्बन गरिनेछ ।

# महिला तथा दलित शसक्तिकरण र रोजगारी :

- महिलाहरुको लागि लक्षित कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- महिला हिंसा अन्त्य गर्न सामाजिक संघ संस्था, शैक्षिक संस्था तथा सरकारी निकायसँग समन्वय तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) र तीज बिशेष कार्यक्रम मनाइनेछ ।
- स्व-नेतृत्व बिकास, महिला पुरुष समविकास तालिम सञ्चालन गरिनेछ ।
- साझेदार सँस्थाहरुसंग मिलेर महिलाहरुलाई लक्षित गरी लघु उद्यम बिकास कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- दलितका लागि आरान संरक्षण र संबर्द्धन बिषेश कार्यक्रम सन्चालन गरिनेछ ।

# वातावरण, खानेपानी तथा सरसफाईः

- **स्वच्छ** सफा खानेपानी प्राप्त गर्ने सबैको अधिकार भएकाले हाल सञ्चालनमा रहेको खानेपानी परियोजनाहरुलाई थप व्यवस्थापन गरिने तथा खानेपानी नभएका सम्पूर्ण ठाउँमा पहिलो वर्षमा नै खानेपानी पुराउन जोड दिईनेछ । खानेपानीका मुहान संरक्षण तथा पानीको सुद्धिकरणलाई प्रभावकारी बनाई पानीजन्य रोगहरुको पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
- गाउँपालिका एक घर एक धारा अभियान कार्यक्रम सन्चालन शुरुवात गरिनेछ ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोर विर्सजन केन्द्र (डम्पिङ साइड ) को व्यवस्था गरिनेछ र बजारलाई सफा तथा सुन्दर बनाइनेछ ।
- गाउँपालिका भित्र रहेको खच्चडहरु निश्चित ठाउँमा मात्र बाध्न र राख्नको लागि व्यवस्था गरिनेछ ।
- ढुङ्गा, बालुवा र गिटी उत्खनन्को लगि उचित कार्यबिधि बनाई लागु गरिनेछ ।
- गाउँपलिकाले अवलम्बन गरेको शिशाजन्य बस्तु प्रतिबन्ध अभियानलाई कडाईका साथ लागु गरिनेछ र प्लाष्टिक जन्य बस्तु तथा सामग्री प्रतिबन्ध लगाईनेछ ।
- पूर्ण सरसफाईका सबै सुचकहरु पुरा गरि यसै वर्ष यस माहाकुलुङ गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ ।

# संस्कृति तथा पर्यटनः

- गाउँपालिकामा रहेका तोस्खम, मन्दिर, देवीथान तथा गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गरिनेछ ।
- कुलुङ संग्राहलयको संरक्षण, व्यवस्थापन र प्रचार गरिनेछ ।
- गाउँपालिकामा रहेका ताल, तलैया, पोखरी, गुफा आदिको उचित सम्रक्षण ताथ संबर्द्धन गरिनेछ ।
- पुराना पैदलमार्गलाई ट्रेकिङ मार्गको रुपमा विकास गर्ने तथा मेरा पिक ट्रेकिङ मार्ग निर्माण गरि पर्यटकहरुलाई आउने जाने प्रबन्ध मिलाउने र पैदल मार्गका विभिन्न ठाउँमा पर्यटकहरु बस्ने होमस्टे र पानीको व्यवस्था मिलाईनेछ । यसले पर्यटन प्रवर्द्धन हुने मात्र नभई गाउँलेहरुको आयआर्जन समेत बढ्नेछ ।
- गाउँपालिकामा पर्यटन प्रबर्द्धनको लागि होमस्टे स्थापनाको लागि आवश्यक पहल कदमी लिइनेछ ।
- मुद्धि-मेरा-हुँगु ट्रेल पर्यटकीय पदमार्गको व्यवस्थित बनाइने र यसको बिशेष प्रचार गरिनेछ ।
- कुलुङहरुको मृतात्मा (सिरिप्छालु) बासस्थान पोम्लालुङको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार बिशेष कार्यक्रम सन्चालन गरिनेछ ।
- महाकुलुङ ताल, पाँच पोखरी, साल्पा पोखरी,  गौवित्ता, निउरिरी, बुर  पोखरी, सेती पोखारी तामा पोखारी आदि पोखरी र केन्पा डाँडालाई पर्यटकीय गन्तव्यको रुपमा विस्तार गर्नको लागि आवश्यक पहल गरिनुका साथै पदमार्ग नक्साङ्कन गरी खोङ्मादिङ भेलीसँग जोडिनेछ ।
- महाकुलुङ गाउँपालिकाको लागि पर्यटन गुरुयोयोजना निर्माण गरिनेछ ।
- महाकुलुङ गाउँपालिकाको लागि बृत्तचित्र निर्माण (अडियो, भिडियो र लिखित) निर्माण गरिनेछ ।
- गुदेल घ्याङ्खर्क, कुलुपोङ्खो, शिलुछो हुदै बुकुर कमेरे डाँडा, केन्पा, बोक्सुवार हुदै खोङ्मादिङ निस्कने पदमार्ग पूर्बधार निर्माण (बाटो, खानेपानी, बस्ने ठाउँ, सूचाना पार्टी) गरिनेछ र यसको लागि शिलिचोङ गाउँपालिका संखुवासभा र साल्पाशिलुछो गाउँपालिका भोजपुर संग पनि सहकार्यमा कार्य गरिनेछ ।
- हाल पहिचान गरिएको पाँचपोखरी मेरा ट्रेलमा पर्ने तैमे खर्क र साउँने खर्कमा आवश्यक पूर्बाधार निर्माण गरिनेछ ।
- आ.ब. ०७६।७७ महाकुलुङ FOOT TRAIL बर्ष घोषणा गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण बिशेष कार्यक्रम सन्चालन गरिनेछ ।

# खेलकुद तथा शारिरीक व्यायमः

- स्वस्थ रहने सबैभन्दा महत्वपूर्ण उपाय हो नियमित शारिरिक व्यायम तथा खेलकुदमा जोड दिइनेछ । त्यसैले खेलकुदको विकासका लागि गाउँपालिकाका विभिन्न ठाउँमा खेलमैदान तथा खेल सामाग्रीको उचित व्यवस्थापन गरिनेछ । उपयुक्त स्थानमा सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ ।
- हरेक वर्ष गाउँपालिका स्तरको खेलकुद प्रतियोगिता गरिनेछ । जसको कारण विभिन्न खेल प्रतिभा भएका खेलाडीहरुको उत्पादन हुने र मानिसहरुलाई स्वास्थ्य रहन मदत पुग्नेछ ।
- विभिन्न विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिई खेलकुदको विकास गर्न पहल गरिनेछ ।
- निजामती दिवसको अवसरमा मैत्रीपूर्ण खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्चालन गरिनेछ ।
- बिद्यालयका बालबालिकालाई खेल सामाग्रीहरु वितरण गरिनेछ ।

# जलविद्युतः

- अध्यारोमूक्त गाउँपालिका अभियान घोषणाको लागि आवश्यक कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- गाउँपालिकाको सबै गाउँ टोलहरुमा भरपदो विद्युत लाईन प्रशारण गरिनेछ ।
- गाउँपालिकाबाटै फलामे विद्युत पोलले काठे पोललाई विस्थापित गरिनेछ ।
- गाउँपालिकाको मुख्य चोकहरुमा बत्तिको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा विद्युत उत्पादन सम्भाव्यता अध्ययन गरी बैदेशिक लगानी आकर्षित गर्न आवश्यक रणनीति अवलम्बन गरिनेछ ।

# पूर्वाधार विकास

- पूर्वाधार तर्फ सडक, विद्युत, खानेपानी, कार्यालय र वडा कार्यालयको संस्थागत संरचना, सिंचाइ, ढल व्यवस्थापन, झोलुङ्गे पुल निर्माणलाई प्राथमिकतामा खाखिनेछ ।
- सडक तर्फ गाउँपालिका देखी सदरमुकाम जोड्ने सडक, वडा कार्यालयहरु जोड्ने सडक र पर्यटकीय महत्वका सडकलाई रणनीतिक महत्वका सडकका रुपमा अघि बढाइनेछ ।
- विद्युत नपुगेका टोल र घरहरुलाई प्राथमिकतामा राखेर विद्युत विस्तार कार्यक्रम संचालन गरिनेछ साथै यसको लागि सम्बन्धित निकायसँग लगानीको लागि पहल गरिनेछ ।

- महाकुलुङ गाउँपालिकाको प्रशुती सेवा सन्चालन हुने सबै स्वास्थ्य सँस्थाहरुमा सोलार जडान गर्ने ।
- हुँगा खोला, भूवा खोला, लिफ्खु खोला, कोङ्खो खोलामा होमपाईपको व्यवस्था गरिनेछ ।
- गाउँपालिका र कार्यालय भवन नभएको वडा कार्यालय, प्रहरी चौकी, स्वास्थ्य चौकीमा भवन व्यवस्थाको लागि शुरुवात गरिनेछ ।
- माहाकुलुङ गाउँपालिका जलस्रोतमा धनि रहेकोले माइक्रो हाइड्रो, हाईड्रो पावर निकाल्न सकिने भएकोले अध्ययन अनुसन्धान गर्नको लागि कार्यक्रम अगाडी बढाईनेछ । बिना इजाजत वा इजाजत लिएर संचालन गर्न लागेका कुनै योजना गाउँपालिकाको समन्वय बिना संचालन गर्न वा दर्ता गर्न रोक लगाइनेछ ।
- गाउँपालिका क्षेत्रका आवश्यक स्थानमा झोलुङगे पुल र ट्रस ब्रिज निर्माणका लागि केन्द्रमा पठाउनको लागि नीतिगत निर्णय गरिनेछ ।
- गाउँपालिका भित्रका बहुवर्षिय गौरवका आयोजना/योजनाहरु क्रमागत रुपमा लगिनेछ ।
- गाउँपालिकाको लागि एउँटा एम्बुलेन्स खरिद गरी आकस्मिक स्वास्थ्य उपचार सेवाको पहूँच सबैसामू पऱ्याउँने व्यवस्था मिलाईनेछ ।

# सेवा प्रवाह र संस्थागनत विकासः

- परिवर्तित नयाँ संरचना अनुसार जनतालाई परिवर्तनको अनुभूति हुने गरि सेवा प्रवाहमा सहजता, सरलता र नविनतम विधि र पद्धतिहरुको अबलम्बन गरिनेछ ।
- नागरिक वडापत्र, सूचना अधिकारी, टोकन प्राणाली, गुनासो सुनुवाई संयन्त्र,सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, घुम्ति सेवा, विद्युतिय शासन प्रणाली जस्ता सुशासनका सूचकहरुको क्रमश अबलम्बन गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।
- भ्रष्टाचार, अपारदर्शि र भ्रष्टाचार जन्य प्रवृतिलाई रोक्न विशेष सर्तकता अपनाईनेछ ।
- तोकिएका योजना आयोजनाहरु गुणस्तरिय रुपमा समयमै सम्पन्न गर्न अनुगमन मूल्यांकन कार्यलाई प्राथमिकता दिईनेछ ।
- योजाना उपभोक्ता समितिलाईहरुलाई कामको गुणस्तरीयता र प्रकृयाबारे अभिमूखित गराइनेछ ।
- आयोजनाहरु समयमा सुरु नगर्ने, उपभोक्ता समितिमा अनावश्यक विवादमा अल्भिने र विकास नै प्रभावित हुने प्रवृति देखिएमा त्यस्ता क्षेत्रका योजनाहरु झिकेर अन्य क्षेत्रमा दिईनेछ ।
- जिम्मेवारी पूर्वक उत्कृष्ट कार्यसम्पादन गर्ने, अनुशासन, ईमानदारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरुलाई पुरस्कृत गरि प्रोत्साहन गरिनेछ भने खराब आचरण र जिम्मेवारी वहन नगर्ने कर्मचारीलाई प्रचलित ऐन कानुन बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ ।

- उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरि उत्प्रेरित गरिनेछ भने सन्तोषजनक कार्यसम्पादन नगर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने साथै आगामी वर्षमा उपभोक्ता समितिको रुपमा काम गर्न बाट वञ्चित गरिनेछ ।
- जनताको घरदैलोमा जनप्रतिनिधी भन्ने अभियान मार्फत जनताका समस्याहरु सँग निरन्तर परिचित भई समाधानको प्रयास गरिनेछ ।
- जनतानै जनार्दन भन्ने आर्दशका साथ सेवा प्रवाहमा जनताका आवश्यकता र चाहनालाई विशेष जोड दिईनेछ ।
- सूचना पाटि, वेव साईट, सार्वजनिक सुनुवाईको माध्यमबाट जनतामा सूचनाको हक स्थापित गर्न पारदर्शि कार्यप्रणालीलाई बढवा दिईनेछ ।
- लेखा प्रणालीलाई एकरुपता, व्यवस्थित र पारदर्शीता कायम गर्नको SUTRA पद्धती अनिबार्य रुपमा अवलम्बन गरिनेछ ।
- गाउँपालिकामा आइपर्ने कानुनी व्यबधानहरु न्यूनिकरणको लागि कानुनी परामर्शदाता नियूक्तीको लागि पहलकदमी लिइनेछ ।
- सेवा प्रबाहको गुणस्तरीयता र उत्कृष्टताको लागि कर्मचारीहरुलाई आवश्यक तालिम भ्रमणको व्यवस्था मिलाईनेछ ।

आफनो बजेट र नीति योजना आफै तर्जुमा गरि विकासको गति र दिशा तय गर्ने हाम्रो यो ऐतिहासिक अवसरलाई गौरब सम्झदै यो नीति तथा बजेट निर्माण कार्यमा सुरु देखि नै आफनो बुद्धि विवेक र परिश्रमले सहयोग गर्नुहने कर्मचारी साथिहरु, गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यहरु, सरोकारवाला वर्ग र बुद्धिजिविहरुप्रति विशेष आभार प्रकट गर्न चाहन्छ ।

**समृद्ध महाकुलुङ सुखी महाकुलुङ बासी ।**

**धन्यवाद ।**